एम्नेस्टी
इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

मानवअधिकार शिक्षा प्रशिक्षण कार्यक्रम २०१८

# मानवअधिकार शिक्षा प्रशिक्षकहरूका लागि सहयोगी पुस्तिका

एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

मानवअधिकार शिक्षा प्रशिक्षण कार्यक्रम २०१८

---

# मानवअधिकार शिक्षा प्रशिक्षकहरूका लागि सहयोगी पुस्तिका

# प्राक्कथन

प्रत्येक व्यक्तिले आफ्नो मानवअधिकारको बारेमा परिचित हुँदै अरूको अधिकारको सम्मान गर्ने तथा यी अधिकारहरू हनन् भएमा कसरी उपचार प्राप्त गर्ने आदिबारेमा परिचित हुनु आवश्यक छ । यसका लागि शिक्षा, तालिम र सूचनामार्फत ज्ञानको आदानप्रदान गर्न, कौशलता प्रदान गर्न र मानवअधिकार र मौलिक स्वतन्त्रताहरूप्रतिको आदरलाई बलियो बनाउँदै मानवअधिकार संस्कृतिको निर्माण गर्नु अपरिहार्य छ । एकअर्काप्रतिको पारस्परिक सम्मान, सौहार्दता, समभ्रूदारी, सहनशीलता र भ्रातृत्वको भावना विकास गर्दै मानवअधिकार-केन्द्रित दिगो विकास, सामाजिक न्यायको प्रवर्धन र शान्तिपूर्ण मानव समाजको लागि योगदान पुऱ्याउनु नै मानवअधिकार शिक्षाको उद्देश्य हो ।

नेपालको परिप्रेक्ष्यमा मानवअधिकार शिक्षालाई विद्यालय पाठ्यक्रममा समावेश गरी मानवअधिकार संस्कृतिको प्रवर्धन गर्न आवश्यक देखिन्छ । नेपालको रूढी, सामन्ती र पितृसत्तात्मक सामाजिक संरचनामा क्रमिक सुधार आई मानवअधिकार उपभोगमा पनि केही सकारात्मक सुधार आइरहेको भए पनि आमरूपमा नेपालका सीमान्तकृत र पिछडिएका समुदायहरूले मानवअधिकारको पूर्णरूपमा उपभोग गर्न सकेका छैनन् । तसर्थ नेपालका स्कूले उमेरका बालबालिका तथा युवाहरूलाई मानवअधिकारबारे ज्ञान अभिवृद्धि गराई सो ज्ञानलाई व्यवहारमा उतार्न र आफूलगायत अरूमाथि घर, समाज, स्कूल आदि सार्वजनिक स्थल र अन्य परिवेशमा भएको वा हुनसक्ने ज्यादती, विभेद, अन्याय, हिंसा आदिको विरूद्धमा आवाज उठाउन उत्प्रेरित र सक्षम बनाउने उद्देश्यका साथ मानवअधिकार शिक्षामा जोड दिई अघि बढ्नु आजको आवश्यकता देखिएको छ ।

यसै सन्दर्भमा एम्नेस्टी इन्टरनेसनल नेपालले यसै वर्ष (सन् २०१८) देखि गाउँ, शहर र स्थानीयस्तरमा बालबालिका र युवालगायत बढीभन्दा बढी व्यक्तिहरूलाई मानवअधिकारको विषयवस्तुहरूमा साक्षात्कार गराउँदै उनीहरूलाई मानवअधिकारको पक्षमा उभिन र वकालत गर्न अभिप्रेरित गरी गाउँ समाजमा मानवअधिकार संस्कृतिको प्रवर्धन गर्ने उद्देश्यबमोजिम *"विद्यालयमा मानवअधिकार शिक्षा"* अभियान सञ्चालन गरेको छ ।

देशव्यापीरूपमा सञ्चालन हुने यस अभियानअन्तर्गत स्थानीय विद्यालय तथा कलेजहरूमा गई मानवअधिकारका विषयवस्तुहरूमा प्रशिक्षित गराउनका लागि एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध स्थानीय समूह तथा युथ नेटवर्कलगायत अन्य अभियन्ताहरूको महत्त्वपूर्ण भूमिका रहनेछ ।

## सहयोगी पुस्तिकाको उद्देश्य

यस सहयोगी पुस्तिकाले मानवअधिकार शिक्षा प्रशिक्षकहरूलाई मानवअधिकारको अवधारणा तथा विषयहरूबारे सहभागी तथा विद्यार्थीहरूमाझ स्पष्टता ल्याउनका लागि आवश्यक सैद्धान्तिक तथा सहभागीतामूलक अभ्यासहरूबारेमा जानकारी दिनेछ ।

## यो पुस्तिका कसका लागि

यो पुस्तिका एम्नेस्टी इन्टरनेसनल नेपालद्वारा जुन २०१८ मा आयोजित मानवअधिकार शिक्षा प्रशिक्षण कार्यशालामा सहभागी एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूह तथा युथ नेटवर्कका सदस्यहरूको लागि तयार पारिएको हो ।

यस बाहेक विभिन्न विद्यालयहरूमा गई मानवअधिकार शिक्षाका बारेमा अभिमुखीकरण सञ्चालन गर्न इच्छुक एम्नेस्टी नेपालको समूह तथा युथ नेटवर्कमा आबद्ध सदस्यहरूले पनि यसलाई प्रयोग गर्न सक्नुहुनेछ ।

## यो पुस्तिकामा के के समेटिएको छ

मानवअधिकारको विषयमा विभिन्न सैद्धान्तिक जानकारीका साथै समेटिएका विषयहरूमा स्पष्टता ल्याउनका लागि गतिविधि तथा अभ्यासका विवरणहरू ।

## यो पुस्तिकालाई कसरी प्रयोग गर्ने

कुनै पनि स्थानीय विद्यालयमा गई कक्षा ५ देखि १२ सम्मका ३० देखि ५० जना विद्यार्थीहरूका लागि कम्तिमा १ घण्टाको मानवअधिकार विषयक अभिमुखीकरण सञ्चालन गर्नका लागि ।

## समेटिएका विषयहरू :

१. मानवअधिकार भनेको के हो ?
२. मानवअधिकारका प्रमुख अन्तर्राष्ट्रिय संयन्त्रहरू
३. मानवअधिकारको ऐतिहासिक पृष्ठभूमि
४. एम्नेस्टी इन्टरनेसनल अभियान
५. नेपालमा मानवअधिकार
६. मानवअधिकार शिक्षा
७. मानवअधिकारको संरक्षण र संवर्धनका लागि अभियान एक्सनहरू

## अभ्यास ढाँचाहरू

ढाँचा १ (मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धाराहरू)
ढाँचा २ (बालअधिकारहरू)
ढाँचा ३ (नेपालको संविधान २०७२ अन्तर्गतका मौलिक हकहरू)
ढाँचा ४ (मानवअधिकारसम्बन्धी प्रश्नावली)

| सूची | पेज नं |
|---|---|


| | | |
|---|---|---|
| १. | **मानवअधिकार भनेको के हो ?** | ५ |
| | गतिविधि १: मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को श्रव्यदृश्य | ७ |
| | गतिविधि २: मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धाराहरूको जोडा मिलाऊ अभ्यास | ७ |
| | गतिविधि ३: UDHR को धाराहरूमध्ये आफूलाई महत्त्वपूर्ण लागेका ३ धाराहरूमा चिन्ह लगाउने अभ्यास | ७ |
| | गतिविधि ४: अधिकार र कर्तव्यहरूको सूची लेखन अभ्यास | ७ |
| | गतिविधि ५: माछाको भाँडो खेल | ८ |
| | गतिविधि ६: वासिङ्ग मेसिन खेल | ८ |
| २. | **मानवअधिकारका प्रमुख अन्तर्राष्ट्रिय संयन्त्रहरू :** | ८ |
| | गतिविधि ७: बालअधिकारको बारेमा सामूहिक छलफल | १६ |
| | गतिविधि ८: मानवअधिकारको वर्गीकरण अभ्यास | १६ |
| ३. | **मानवअधिकारको ऐतिहासिक पृष्ठभूमि** | १७ |
| | गतिविधि ९: मानवअधिकारको विकासक्रमको श्रव्यदृश्य | २२ |
| | गतिविधि १०: एम्नेस्टी इन्टरनेसनलका अभियानहरूको श्रव्यदृश्य | २२ |
| ४. | **नेपालमा मानवअधिकार** | २३ |
| | गतिविधि ११: अधिकार र कर्तव्यहरूको सूची लेखन अभ्यास | २४ |
| | गतिविधि १२: मौलिक हकहरूबीचको अन्तरसम्बन्धबारे जोडा मिलाउने अभ्यास | २५ |
| ५. | **मानवअधिकार शिक्षा के हो ?** | २५ |
| ६. | **मानवअधिकार शिक्षा किन आवश्यक ?** | २६ |
| ७. | **मानवअधिकार शिक्षासम्बन्धी प्रश्नोत्तर प्रतियोगिता** | २७ |
| ८. | **मानवअधिकारको संरक्षण र संवर्धनका लागि अभियान एक्सनहरू** | २७ |
| ९. | **मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरू** | २८ |
| | ढाँचा १ (मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धाराहरू) | २९ |
| | ढाँचा २ (बालअधिकारहरू) | ३० |
| | ढाँचा ३ (नेपालको संविधान २०७२ अन्तर्गतका मौलिक हकहरू) | ३१ |
| | ढाँचा ४ (प्रश्नोत्तर) | ३२ |

# १. मानवअधिकार भनेको के हो ?
# 1. What are Human Rights ?

मानवअधिकार मानिसको जन्मसिद्ध अधिकार हो। मानवअधिकार भन्नाले "त्यस्ता आधारभूत अधिकार र स्वतन्त्रता भन्ने बुझिन्छ, जसका सबै व्यक्तिहरू हकदार रहन्छन्। यस्ता अधिकारहरूमा मूलतः जीवन र स्वतन्त्रताको अधिकार, विचार र अभिव्यक्तिको स्वतन्त्रता र कानुनी दृष्टिमा समानताजस्ता अधिकारहरू पर्दछन्।"

*- अमेरिकन हेरिटेज डिक्स्नरी अफ इङ्गलिस ल्याङ्ग्वेज*

- मानवअधिकार किन्नुपर्ने, कमाउनुपर्ने या सापटमा लिनुपर्ने विषय होइन।
- यो स्वतः समानताका आधारमा सबैले निर्वाधरूपमा प्रयोग गर्न पाउने भएकोले यसलाई 'अहरणीय' र 'जन्मसिद्ध' अधिकार पनि भनिन्छ।
- यसलाई मानवजातिको 'प्राकृतिक अधिकार' पनि भनिन्छ।
- यो अन्तरनिर्भर, अविभाज्य, सर्वव्यापी (Interdependent, Indivisible and Universal) हुन्छ।

**मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८** मा उल्लिखित कुराहरू नै समग्रमा मानवअधिकार हुन्। यसमा नागरिक तथा राजनीतिक अधिकार एवं आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका साथै नागरिकको कर्तव्यलाई पनि समेटिएको छ।

**नागरिक तथा राजनीतिक अधिकारहरू**

- धारा १: सबै मानिसहरू जन्मजात स्वतन्त्र र मर्यादा तथा अधिकारमा समान हुन्छन्।
- धारा २: सबै मानिसहरू भेदभावबिना अधिकार र स्वतन्त्रताहरूका हकदार हुन्छन्।
- धारा ३: बाँच्न पाउने, स्वतन्त्रता र सुरक्षाको अधिकार।
- धारा ४: दासताबाट स्वतन्त्रताको अधिकार।
- धारा ५: यातना र क्रुर व्यवहारबाट स्वतन्त्रताको अधिकार।
- धारा ६: कानुनको दृष्टिमा व्यक्तिका रूपमा मान्यता पाउने अधिकार।

## नागरिक तथा राजनीतिक अधिकारहरू

- धारा ७: कानुनको दृष्टिमा समानताको अधिकार ।
- धारा ८: कानुनी सहायताको अधिकार ।
- धारा ९: स्वेच्छाचारी पक्राउ, थुना वा देश निकालाबाट स्वतन्त्रताको अधिकार ।
- धारा १०: समान र स्वच्छ पुर्पक्षको अधिकार ।
- धारा ११: निर्दोषिताको अनुमानको अधिकार ।
- धारा १२: गोपनीयताको अधिकार ।
- धारा १३: आवतजावत गर्न पाउने स्वतन्त्रताको अधिकार ।
- धारा १४: अन्य देशमा आश्रय लिन पाउने अधिकार ।
- धारा १५: राष्ट्रियताको अधिकार ।
- धारा १६: विवाह र घरजम गर्न पाउने स्वतन्त्रताको अधिकार ।
- धारा १७: सम्पत्ति आर्जन गर्न पाउने अधिकार ।
- धारा १८: विचारको, अन्तस्करणको र धर्म मान्न पाउने स्वतन्त्रताको अधिकार ।
- धारा १९: मत र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार ।
- धारा २०: भेला हुन र सङ्गठन खोल्न पाउने स्वतन्त्रताको अधिकार ।
- धारा २१: मतदानको अधिकारलगायत राजनीतिक सहभागिताको अधिकार ।

## आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू

- धारा २२: सामाजिक सुरक्षाको अधिकार ।
- धारा २३: काम गर्न पाउने अधिकार तथा कामदारहरूको अधिकार ।
- धारा २४: विश्राम गर्न र फुर्सद लिन पाउने अधिकार ।
- धारा २५: पर्याप्त जीवनस्तरको अधिकार ।
- धारा २६: शिक्षाको अधिकार ।
- धारा २७: संस्कृतिको अधिकार ।

## दायित्वहरू

- धारा २८: अधिकारमा आधारित समाजको अधिकार ।
- धारा २९: समुदायप्रतिको कर्तव्य ।
- धारा ३०: मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा भएको कुनै पनि कुरालाई माथिका कुनै पनि अधिकारहरूविरूद्ध हुने गरी व्याख्या गर्न सकिने छैन ।

## गतिविधि १:
## मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को श्रव्यदृश्य

## गतिविधि २:
## मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धाराहरूको जोडा मिलाऊ अभ्यास

विधि:

- ढाँचा १ मा भएका UDHR का धाराहरू दुई फरक रङ्गको कार्डपेपरमा प्रिन्ट गरेर काट्ने ।
- सहभागीहरूलाई उक्त कार्ड एक एक वटा वितरण गर्ने ।
- सहभागीहरूले एउटै धारा कार्ड भएका सहभागीहरूलाई पत्ता लगाएर सँगै बस्ने ।
- हरेक जोडीले प्राप्त धाराको बारेमा तीन मिनेट छलफल गर्ने ।
- अन्त्यमा सबै जोडिले पालैपालो आफ्नो धाराबारेका बुझाइ छोटकरीमा सबैजनालाई भन्ने ।

## गतिविधि ३:
## UDHR को धाराहरूमध्ये आफूलाई महत्त्वपूर्ण लागेका ३ धाराहरूमा चिन्ह लगाउने अभ्यास

विधि:

- ढाँचा १ सबै सहभागीहरूलाई वितरण गर्ने ।
- सहभागीहरूलाई UDHR का धाराहरूमध्ये महत्त्वपूर्ण लागेका तीन धाराहरूमा चिन्ह लगाउन लगाउने ।
- सहभागीहरूले तीन जनाको समूह बनाई तीन मिनेट छलफल गर्ने ।

## गतिविधि ४:
## अधिकार र कर्तव्यहरूको सूची लेखन अभ्यास

विधि:

- ढाँचा १ सबै सहभागीहरूलाई वितरण गर्ने ।
- सहभागीहरूलाई UDHR का धाराहरूमध्ये आफूलाई महत्त्वपूर्ण लागेका तीन धाराहरूमा चिन्ह लगाउने ।
- चिन्ह लगाएको धाराहरूसँग सम्बन्धित २ वटा कर्तव्यहरूको लेख्ने ।

**गतिविधि ५:**
**माछाको भाँडो खेल**

विधिः

- कक्षा कोठाका केही विद्यार्थीहरू अघि आई कुनै मानवअधिकारसम्बन्धी विषय (छुवाछुत, विभेद, महिला हिंसा आदि) मा छलफल र तर्क गर्दछन्, र पछि उक्त छलफलका बारेमा कक्षाका अरू सबैले आफूलाई मन लागेको कुरा राख्दछन् ।

**गतिविधि ६:**
**वासिङ्ग मेसिन खेल**

विधिः

- कक्षाका सबै विद्यार्थीहरूलाई आमनेसामने हुनेगरी दुई लाइनमा विभाजन गर्ने र एकजना विद्यार्थीलाई उक्त लाइनको बीचबाट हिँड्न लगाउने । बीचमा हिँड्ने विद्यार्थीलाई लाइनमा रहेका सबैले धाप मार्ने वा हात मिलाउने र जब लाइन सकिन्छ, उक्त बीचमा हिँड्ने विद्यार्थीको अनुहार उज्यालाले धपक्क बलेको, खुसी र चम्किलो हुनेछ । यो खेल अन्य विद्यार्थीलाई पनि दोहोऱ्याउने र एकले अर्कोलाई सम्मान र सद्भावको संस्कृतिले कसरी फरक पार्दछ भन्ने शिक्षाका बारेमा चर्चा गर्ने ।

## २. मानवअधिकारका प्रमुख अन्तर्राष्ट्रिय संयन्त्रहरू :
## 2. Core International Human Rights Instruments

- Declaration (घोषणा)
- Covenants (अभिसन्धि/अनुबन्ध)
- Conventions (महासन्धि)
- Optional Protocols (ऐच्छिक उपलेख/आलेख)

### १. जातीय भेदभावका सबै स्वरूपहरूको उन्मूलन विषयक महासन्धि १९६५ (International Convention on the Elimination of All Forms of Racial Discrimination, ICERD-1965)

- जातिवाद र जातीय भेदभाव आदिकालदेखि नै निरन्तर सङ्घर्षको कारण रहिआएको

- संयुक्त राष्ट्रसङ्घीय महासभाले २० नोभेम्बर १९६३ मा यस विषयमा एक घोषणा जारी गरेको
- जातीय भेदभावको रोकथाम र अल्पसंख्यकहरूको संरक्षण विषयक उप-आयोगले महासन्धिको मस्यौदा तयार गरी महासभामा प्रस्तुत
- २१ डिसेम्बर १९६५ मा पारित गरी राष्ट्रहरूलाई हस्ताक्षर र अनुमोदनको लागि खुला
- उक्त महासन्धिको धारा १९ को प्रावधानअनुसार सो सन्धि ४ जनवरी १९६९ देखि लागू
- नेपालले यस महासन्धिलाई ३० जनवरी १९७१ मा अनुमोदन गरेको छ ।

**२. नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसङ्घीय अभिसन्धि (Covenant on Civil and Political Rights, ICCPR – 1966)**

- यो अभिसन्धि र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुबन्ध एकैसाथ तयार पारिएको
- दुवै अभिसन्धिहरूलाई संयुक्त राष्ट्रसङ्घीय महासभाले एकैदिन १६ डिसेम्बर १९६६ का दिन पारित गरी हस्ताक्षर र अनुमोदनका लागि खुला गरेको ।
- यस अभिसन्धिका ५३ वटा धारामा जीवनको अधिकार, स्वतन्त्रताको अधिकार, न्यायालय समक्ष समानताको अधिकार जस्ता कुराहरू समावेश गरिएको छ ।
- अभिसन्धिको धारा ४९ को प्रावधानअनुसार २३ मार्च १९७६ देखि लागू
- नेपालले यो अभिसन्धिलाई १४ मे १९९१ मा अनुमोदन गरेको छ ।

नागरिक तथा राजनीतिक अधिकार विषयक अभिसन्धिसँग सम्बन्धित प्रथम ऐच्छिक आलेख
(Optional Protocol to the International Covenant on Civil and Political Rights-OP 1 to ICCPR -1966)

- सन् १९४८ को मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा व्यक्तिगत शिकायतपत्रको अधिकारको बारेमा उल्लेख नभएको
- व्यक्तिगत शिकायतपत्रको अधिकार संरक्षणका लागि संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् १९६६ मा यो आलेख पारित गरेको
- यो आलेख अनिवार्य नभई ऐच्छिक भएको हुनाले यस उपलेखमा भएका

व्यवस्थाहरू सहित र यो आलेख आफैं राष्ट्रहरूका लागि इच्छाधीन आलेखको रूपमा रहेको छ

- धारा ९ को प्रावधानअनुसार यो सन्धि २३ मार्च १९७६ देखि लागू भएको छ ।
- नेपालले यो आलेखलाई १४ मे १९९१ मा अनुमोदन गरेको छ ।

नागरिक तथा राजनीतिक अधिकार विषयक अभिसन्धिको दोस्रो ऐच्छिक आलेख
(Second Optional Protocol to the International Covenant on Civil and Political Rights – OP 2 to the ICCPR – 15 December 1989)

- सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्धको धारा ६ को (२) मा निश्चित अवस्थामा विद्यमान कानुनी प्रक्रिया पूरा गरेर मृत्युदण्ड दिन सकिने कुरा स्वीकार गरिएको छ ।
- कुनै पनि कसुरमा मृत्युदण्ड दिन नहुने कुराको ग्यारेन्टी गर्न संयुक्त राष्ट्रसङ्घीय महासभाले सन् १५ डिसेम्बर १९८९ मा यो दोस्रो आलेख तयार गरेको हो ।
- यस उपलेखको धारा १ मा नै कसैलाई पनि कुनै पनि कसुरमा मृत्युदण्ड नदिइने कुरा उल्लेख गरिनुका साथै राष्ट्रहरूले मृत्युदण्ड उन्मूलनका लागि आवश्यक उपाय अवलम्बन गर्नुपर्ने कुरा उल्लेख गरिएको छ ।
- नेपालले यो आलेखलाई ४ जुन १९९८ मा अनुमोदन गरेको छ ।

**३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक संयुक्त राष्ट्रसङ्घीय अभिसन्धि**
**(Covenant on Economic, Social and Cultural Rights – IESCR–1966)**

- संयुक्त राष्ट्रसङ्घको महासभाले १६ डिसेम्बर १९६६ का दिन पारित गरेर हस्ताक्षर र अनुमोदनका लागि राष्ट्रहरूलाई खुला गरिएको
- अभिसन्धिमा ३१ वटा धारामा नागरिकहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धमा विस्तृत चर्चा गरेको छ ।
- अभिसन्धिको धारा २७ को प्रावधानअनुसार सो सन्धि ३ जनवरी १९७६ देखि लागू भएको
- नेपालले यो अभिसन्धिललाई १४ मे १९९१ मा अनुमोदन गरेको छ ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक संयुक्त राष्ट्रसङ्घीय अभिसन्धिसँग सम्बन्धित (प्रथम) ऐच्छिक आलेख
(Optional Protocol to the International Covenant on Economic, Social and Cultural Rights-OP 1 to the ICESCR-2008)

- संयुक्त राष्ट्रसङ्घको महासभाले १० डिसेम्बर २००८ का दिन पारित गरेको ।
- आलेखमा २२ वटा धारामा नागरिक तथा समूहहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उल्लङ्घन भएको र आफ्नो देशमा न्याय नपाएको अवस्थामा न्यायका लागि संयुक्त राष्ट्रसङ्घमा उजुरी दिने प्रावधानको व्यवस्था ।
- आलेखको धारा १८ (१) को प्रावधानअनुसार सो सन्धि ५ मे २०१३ देखि लागू भएको ।
- नेपालले यो आलेखलाई अनुमोदन गरेको छैन ।

**४. महिलाविरुद्धको भेदभावका सबै स्वरूपहरूको उन्मूलन विषयक संयुक्त राष्ट्रसङ्घीय महासन्धि १९७९**
**(Convention on the Elimination of All Forms of Discrimination against Women-CEDAW-1979)**

- महिलाहरूको अधिकार संरक्षणका लागि संयुक्त राष्ट्रसङ्घीय महासभाले १८ डिसेम्बर १९७९ मा महिलाविरुद्धको भेदभावका सबै स्वरूपहरूको उन्मूलन विषयक महासन्धि पारित गरेको छ ।
- उक्त महासन्धिको धारा २७ (१) को प्रावधानअनुसार सो सन्धि ३ सेप्टेम्बर १९८१ देखि लागू भयो ।
- यस महासन्धिमा ३० धारा रहेका छन् ।
- नेपालले यो महासन्धिलाई २२ अप्रिल १९९१ मा अनुमोदन गरेको छ ।

महिलाविरुद्धको भेदभावका सबै स्वरूपहरूको उन्मूलन विषयक महासन्धिको ऐच्छिक आलेख १९९९
[Optional Protocol to the Convention on the Elimination of Discrimination against Women (OP-CEDAW) 1999]

- महिलाविरुद्धको भेदभावका घटनामा शिकायतसम्बन्धी प्रक्रियाका बारेमा व्यवस्था गर्न संयुक्त राष्ट्रसङ्घीय महासभाले ६ अक्टोबर १९९९

मा महिलाविरुद्धको भेदभावका सबै स्वरूपहरूको उन्मूलन विषयक महासन्धिको ऐच्छिक आलेख पारित गरेको छ।

- आलेखको धारा १६ (१) मा व्यवस्था भएबमोजिम २२ डिसेम्बर २००० देखि उक्त आलेख लागू भएको छ।
- यस आलेखलाई नेपालले १५ जुन २००७ मा अनुमोदन गरेको छ।

**५. यातना तथा अन्य क्रूर, अमानवीय वा अपहेलनात्मक व्यवहार वा सजायविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धि १९८४**
**(Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment-CAT-1984)**

- यातनाको रोकथामका लागि संयुक्त राष्ट्रसङ्घबाट १० डिसेम्बर १९८४ मा यातना तथा अन्य क्रूर, अमानवीय वा अपहेलनात्मक व्यवहार वा सजायविरुद्धको महासन्धि पारित भएको छ। यसलाई यातनाविरुद्धको महासन्धि Convention against Torture (CAT) पनि भनिन्छ।
- उक्त महासन्धिको धारा २७ (१) को प्रावधानअनुसार सो सन्धि २६ जुन १९८७ देखि लागू भयो।
- यस महासन्धिमा ३३ धारा छन्।
- नेपालले यो महासन्धिलाई १४ मे १९९१ मा अनुमोदन गरेको छ।

यातना तथा अन्य क्रूर, अमानवीय वा अपहेलनात्मक व्यवहार वा सजायविरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको ऐच्छिक आलेख २००२
(Optional Protocol to the Convention against Torture and other Cruel, Inhuman or Degrading Treatment or Punishment 2002)

- यातनाविरुद्धको महासन्धि १९८४ अनुमोदन गरिएपछि पनि व्यवहारमा यातना नरोकिएको कुरालाई मध्यनजर गर्दै नागरिकहरू आफ्ना स्वतन्त्रताबाट बञ्चित भएका स्थानहरूमा निरन्तर अनुगमन गर्ने व्यवस्था मिलाउने उद्देश्यले १८ डिसेम्बर २००२ मा संयुक्त राष्ट्रसङ्घीय महासभाले यो आलेख पारित गरेको थियो।
- आलेखको धारा २८ (१) को प्रावधानअनुसार २२ जुन २००६ देखि यो आलेख लागू भएको छ।
- नेपालले यो आलेख अनुमोदन गरेको छैन।

### ६. बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि १९८९ (Convention on Rights of the Child – CRC –1989)

- बालअधिकारको संरक्षणका लागि संयुक्त राष्ट्रसङ्घबाट २० नोभेम्बर १९८९ मा बालअधिकार महासन्धि पारित
- यसमा ५४ वटा धारामा बाल संरक्षण, बाल सहभागिता तथा बाल विकासका विभिन्न अधिकारका बारेमा विभिन्न व्यवस्था गरिएको छ ।
- उक्त महासन्धिको धारा २७ (१) को प्रावधानअनुसार सो सन्धि २ सेप्टेम्बर १९९० देखि लागू भयो ।
- नेपालले यो महासन्धिलाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको छ ।

सशस्त्र सङ्घर्षमा बालबालिकाको संलग्नता विषयक बाल अधिकारसम्बन्धी महासन्धिको (पहिलो) ऐच्छिक आलेख २०००
[Optional Protocol to the Convention on the Rights of the Child on the involvement of children in armed conflict (OP-CRC-AC) 2000]

- सशस्त्र सङ्घर्षमा बालबालिकालाई कुनै पनि हालतमा सहभागी गराउन नहुने र त्यस्ता सङ्घर्षको असरबाट बालबालिकाहरूलाई संरक्षण प्रदान गर्न बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख २५ मे २००० का दिन संयुक्त राष्ट्रसङ्घीय महासभाले पारित गर्‍यो ।
- आलेखको धारा १० (१) मा व्यवस्था गरिएबमोजिम उक्त आलेख १२ फेब्रुअरी २००२ देखि लागू भएको छ ।
- उक्त आलेखलाई नेपालले ३ जनवरी २००७ मा अनुमोदन गरेको छ ।

बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति तथा अश्लील दृश्यमा बालबालिकाको प्रयोग विषयक बालअधिकारसम्बन्धी महासन्धिको (दोस्रो) ऐच्छिक आलेख २०००
(Optional Protocol to the Convention on the Rights of the Child on the sale of children, child prostitution and child pornography (OP-CRC-SC) 2000)

- बालबालिकाको बेचबिखन, वेश्यावृत्ति तथा अश्लील दृश्यमा बालबालिकाको प्रयोगबाट संरक्षण प्रदान गर्न बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख २५ मे २००० का दिन संयुक्त राष्ट्रसङ्घीय महासभाले पारित गर्‍यो ।

- आलेखको धारा १४ (१) मा व्यवस्था गरिएबमोजिम उक्त आलेख १८ जनवरी २००२ देखि लागू भएको छ ।
- उक्त आलेखलाई नेपालले २० जनवरी २००६ मा अनुमोदन गरेको छ ।

उजुरी प्रक्रिया विषयक बालअधिकारसम्बन्धी महासन्धिको (तेस्रो) ऐच्छिक आलेख २०११
(Optional Protocol to the Convention on the Rights of the Child on a communications procedure-OP-CRC-IC- 2011)

- बालबालिकाको अधिकार उल्लङ्घन भएको घटनाउपर स्वदेशको कानुनले उपचार गर्न नसकेको अवस्थामा संयुक्त राष्ट्रसङ्घमा उजुरी दिन सकिने व्यवस्था गर्दै बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख १९ डिसेम्बर २०११ का दिन संयुक्त राष्ट्रसङ्घीय महासभाले पारित गऱ्यो ।
- आलेखमा २४ वटा धाराहरू ।
- आलेखको धारा १९ (१) मा व्यवस्था गरिएबमोजिम उक्त आलेख १४ अप्रिल २०१४ देखि लागू भएको छ ।
- उक्त आलेखलाई नेपालले अनुमोदन गरेको छैन ।

## ७. आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि १९९०

**(International Convention on the Protection of the Rights of All Migrant Workers and Members of Their Families- CMW-1990)**

- आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको संरक्षणका लागि संयुक्त राष्ट्रसङ्घबाट १८ डिसेम्बर १९९० मा आप्रवासी कामदार र उनीहरूको परिवारका सदस्यहरूको सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि पारित ।
- यसका ९३ वटा धारामा आप्रवासी कामदारहरूलाई सम्बन्धित देशको नागरिकसरह समान व्यवहार, समान काम गर्ने वातावरणको अधिकार र सम्मानको व्यवस्था गरिएको छ ।
- उक्त महासन्धिको धारा ८७ (१) को प्रावधानअनुसार सो सन्धि १ जुलाई २००३ देखि लागू भयो ।
- नेपालले यो महासन्धिलाई अनुमोदन गरेको छैन ।

## ८. जबरजस्ती बेपत्ता पारिएकाहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि २००६

**(International Convention for the Protection of All Persons from Enforced Disappearance-CPED- 2006)**

- जबरजस्ती बेपत्ता पारिएकाहरूको संरक्षणका लागि संयुक्त राष्ट्रसङ्घबाट २० डिसेम्बर २००६ मा जबरजस्ती बेपत्ता पारिएकाहरूको संरक्षणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि पारित ।
- यसको ४५ वटा धारामा अन्तर्राष्ट्रिय कानुन र मानवताविरूद्धको अपराधमा परिभाषित जबरजस्ती बेपत्ता पारिने कार्यलाई रोक्नका लागि ।
- उक्त महासन्धिको धारा ३९ (१) को प्रावधानअनुसार सो सन्धि २३ डिसेम्बर २०१० देखि लागू भयो ।
- नेपालले यो महासन्धिलाई अनुमोदन गरेको छैन ।

## ९. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि २००६

**(Convention on the Rights of Persons with Disabilities-CRPD-2006)**

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि संयुक्त राष्ट्रसङ्घबाट १३ डिसेम्बर २००६ मा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धि पारित ।
- यसको ५० वटा धारामा अपाङ्गता भएका व्यक्तिहरूको समान मानवअधिकार र पूर्ण स्वतन्त्रताहरू सुनिश्चित गर्न उनीहरूको अधिकार र सम्मानको संरक्षणका लागि ।
- उक्त महासन्धिको धारा ४५ (१) को प्रावधानअनुसार सो सन्धि ३ मे २००८ देखि लागू भयो ।
- नेपालले यो महासन्धिलाई ७ मे २०१० मा अनुमोदन गरेको छ ।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिको (पहिलो) ऐच्छिक आलेख २००६

(Optional Protocol to the Convention on the Rights of Persons with Disabilities-OP CRPD-2006)

- अपाङ्गता भएका व्यक्तिहरूको अधिकार उल्लङ्घन भएको घटनाउपर

संयुक्त राष्ट्रसङ्घमा उजुरी दिन सकिने व्यवस्था गर्दै अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिको (पहिलो) ऐच्छिक आलेख १३ डिसेम्बर २००६ का दिन संयुक्त राष्ट्रसङ्घीय महासभाले पारित गऱ्यो ।

- आलेखमा १८ वटा धाराहरू ।
- आलेखको धारा १३ (१) को प्रावधानअनुसार ३ मे २००८ देखि यो आलेख लागू भएको छ ।
- नेपालले यो आलेखलाई ७ मे २०१० मा अनुमोदन गरेको छ ।

## गतिविधि ७:
## बालअधिकारको बारेमा सामूहिक छलफल

विधिः

- ढाँचा २ लाई विभिन्न रङ्गको कार्डपेपरमा प्रिन्ट गरेर काट्ने ।
- सहभागीहरूलाई उक्त कार्ड एक एक वटा वितरण गर्ने ।
- सहभागीहरूले एउटै अधिकार भएको कार्ड भएकाहरूलाई पत्ता लगाएर सँगै बस्ने ।
- हरेक जोडीले प्राप्त अधिकारको बारेमा तीन मिनेट छलफल गर्ने ।
- अन्तमा सबै जोडीले पालैपालो आफ्नो अधिकारबारेमा बुझाइ एक वाक्यमा सबैजनालाई भन्ने छन् ।

## गतिविधि ८:
## मानवअधिकारको वर्गीकरण अभ्यास

विधिः

- ढाँचा १ मा भएका UDHR का धाराहरूलाई कार्डपेपरमा प्रिन्ट गरेर काट्ने ।
- कक्षाकोठाको तीन कुनामा राजनीतिक तथा नागरिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, र दायित्वको लागि छुट्याउने ।
- सहभागीहरूलाई आफूसँग रहेका धाराकार्ड यी तीन कुनाहरूमध्ये उपयुक्त लागेको कुनामा जाने ।
- प्रशिक्षकले सहभागीहरूसँग सही कुनाका बारेमा छलफल गर्ने र सबैलाई उपयुक्त कुनामा रहनका लागि आग्रह गर्ने ।

# ३. मानवअधिकारको ऐतिहासिक पृष्ठभूमि
# 3. History of Human Rights

## म्याग्नाकार्टा (१२१५)
## THE MAGNA CARTA (1215)



*(तस्वीर : बेलायतका राजा जोनले जुन १५, १२१५ मा रन्नीमेडमा म्याग्नाकार्टामा हस्ताक्षर गर्दै)*

ई.सं १२१५ मा बेलायतका राजा जोन (John) र जनताहरूको बीचमा अधिकार बाँडफाँडको एक लिखित सम्झौता भएको थियो, जसलाई 'म्याग्नाकार्टा' (Magna Carta) भनिन्छ। उक्त सम्झौतामा जनताहरूको अधिकारका बारेमा उल्लेख गरिएको थियो। यो सम्झौतालाई नै मानवअधिकारको पहिलो लिखित दस्तावेज मानिन्छ।

म्याग्नाकार्टाले कुनै ऐन बनाउने अधिकार संसद्लाई हुनुपर्ने, संसद्को स्वीकृतिबिना राजाले कुनै पनि कर (Tax) लगाउन नपाउने, स्वतन्त्र न्याय व्यवस्था र कानुनको सर्वोच्चता हुनुपर्ने आदि जस्ता महत्त्वपूर्ण अधिकारहरूका बारेमा उल्लेख गरेको छ।

## अधिकारको याचनापत्र (१६२८)
## THE PETITION OF RIGHT (1628)




*(तस्वीर : बेलायतका राजा चार्ल्स प्रथम)*

यस दस्तावेजलाई बेलायतको संसद्ले राजा चार्ल्स प्रथमलाई पठाएका थिए जसलाई ७ जुन १६२८ मा पारित गरिएको थियो। उक्त पेटिसनले संसद्को मन्जुरीबिना राजाले नागरिकहरूलाई कर लगाउन नपाउने र बिनाकारण कैद गर्न नपाउने आदि उल्लेख गरको थियो।

## अधिकारपत्र (१६८९)
## THE BILL OF RIGHTS (1689)


बेलायतमा राजा र जनताबीचमा अधिकारको लागि चलेको लामो सङ्घर्षपश्चात् राजाका अधिकारहरू तोक्न ई.सं. १६८९ मा एउटा दस्तावेज जारी भयो जसलाई 'अधिकारपत्र' (Bill of Rights) भनिन्छ । यसलाई राजा र जनताबीच भएको पहिलो सामाजिक सम्झौता पनि भनिन्छ जसले राजनीतिक र नागरिक अधिकार जस्तै, संसद्का लागि जनप्रतिनिधिहरू चयन गर्ने, संसद्मा वाक स्वतन्त्रताको संरक्षण हुनुपर्ने, राजा वा रानीले कानुनी हस्तक्षेप गर्न नपाउने आदि व्यवस्थाहरू निर्धारण गरेको थियो ।



*(तस्वीर : अधिकारपत्र १६८९)*

## मानिस र नागरिकको अधिकारको घोषणापत्र (१७८९)
## THE DECLARATION OF THE RIGHTS OF MAN AND OF THE CITIZEN (1789)


हरेक मानिसलाई स्वतन्त्रता र आत्मनिर्णयको १७८९ मा फ्रान्सेली राज्यक्रान्ति सम्पन्न भयो । यसको प्रतिफलस्वरूप मानिस र नागरिकको अधिकारहरूको घोषणापत्र अगष्ट १७८९ मा पारित भयो । यस घोषणापत्रले हरेक मानिस जन्मजात समान र स्वतन्त्र हुन्छन्, उनीहरूले नागरिक र राजनीतिक जीवनमा सहभागी हुन पाउँछन्, सोच्न र बोल्नका लागि स्वतन्त्र हुन्छन्, कसुर प्रमाणित नहुन्जेलसम्म निर्दोष मानिने छन्, र निजी सम्पत्ति राख्ने अधिकार राख्छन् आदि उल्लेख गरेको छ ।




Source gallica.bnf.fr / Bibliothèque nationale de France

*(तस्वीर : मानिस र नागरिकको अधिकारहरूको घोषणापत्र १७८९)*

## संयुक्त राज्य अमेरिकाको अधिकारपत्र (१७८९)
## THE U.S. BILL OF RIGHTS (1789)



संयुक्त राष्ट्र अमेरिकाको अधिकारपत्र १७८९ ले वाक, छापा र भेला हुने स्वतन्त्रता, निष्पक्ष पुर्पक्ष जस्ता अधिकारहरूको प्रत्याभूत गरेको छ ।

*(तस्वीर : संयुक्त राज्य अमेरिकाको अधिकार पत्र १७८९)*

## जेनेभा महासन्धि (१८६४-१९७७)
## THE GENEVA CONVENTIONS (1864-1977)




*(तस्वीर : पहिलो विश्वयुद्धका क्रममा घाइते भएका सैनिकहरूको उपचार गर्दै जर्मन रेडक्रसका स्वास्थ्य सेविकाहरू, सन् १९१५)*

अन्तर्राष्ट्रिय मानवीय कानुनलाई सशस्त्र सङ्घर्षसम्बन्धी कानुन अर्थात् युद्धसम्बन्धी कानुन पनि भनिन्छ । सन् १९४९ का ४ वटा जेनेभा महासन्धि र सन् १९७७ का तिनका २ वटा अतिरिक्त उपलेखहरू नै अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रमुख दस्तावेजहरू हुन् ।

- पहिलो महासन्धिले स्थलयुद्धका बिरामी, घाइतेहरूलाई,
- दोस्रो महासन्धिले सामुद्रिक युद्धका घाइते वा बिरामी र ध्यस्त पानीजहाजमा फसेका सैनिकहरूलाई,
- तेस्रो महासन्धिले युद्धबन्दीहरूलाई, र
- चौथो महासन्धिले गैरसैनिक नागरिकहरूलाई संरक्षण प्रदान गर्दछ ।

## लिग अफ नेसन्स (१९२०)
## THE LEAGUE OF NATIONS (1920)



*(तस्वीर : लिग अफ नेसन्सको औपचारिक उद्घाटन कार्यक्रम, १५ नोभेम्बर, १९२०)*

अठारौं शताब्दीमा राष्ट्रहरूबीचमा बढ्दै गएको होडबाजीका कारण मानवअधिकारको विकासमा नै खतरा उत्पन्न हुनसक्ने भयले जाति, धर्म, भाषा, र लिङ्गको विभेदको अन्त्य गर्ने मुख्य उद्देश्यका साथ सङ्गठित रूपमा

मानवअधिकारको संरक्षणको लागि १० जनवरी १९२० मा 'लिग अफ नेसन्स' (League of Nations) को विधिवत स्थापना भयो ।

यद्यपि लिग अफ नेसन्सका थुप्रै प्रयासहरूका बावजुद सन् १९१४ देखि १९१८ र सन् १९३९ देखि १९४५ को बीच चलेका विनाशकारी दुईवटा विश्वयुद्धले ती सम्पूर्ण प्रयासहरूलाई प्रायः निरर्थक बनाइदियो ।

## संयुक्त राष्ट्रसङ्घ (१९४५)
## THE UNITED NATIONS (1945)

२४ अक्टुवर १९४५ का दिन विश्वका राष्ट्रहरूको साझा सङ्गठनको रूपमा संयुक्त राष्ट्रसङ्घ (United Nations Organization - UNO) को स्थापना भयो । प्रथम र दोस्रो विश्वयुद्धका दौरान भएको धनजनको क्षतिबाट पाठ सिक्दै थप जोखिमबाट विश्वलाई जोगाउनका खातिर अन्तर्राष्ट्रिय सहयोग र सद्भावलाई बढाउनका लागि स्थापना भएको हो ।

*(तस्वीर : संयुक्त राष्ट्रसङ्घको झण्डा)*

**मानवअधिकारको विश्वव्यापी घोषणा - १० डिसेम्बर १९४८**

- मानवअधिकारको विश्वव्यापी घोषणा (Universal Declaration of Human Rights-UDHR) संयुक्त राष्ट्रसङ्घको महासभाले १० डिसेम्बर १९४८ का दिन पारित गरेको थियो,
- "अन्याय र अत्याचारका विरुद्ध अन्य उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो भन्ने नठानून् भन्नका लागि मानवअधिकारहरू कानुनद्वारा संरक्षित हुनुपर्दछ" भन्ने प्रस्तावना,
- प्राचीनकालदेखि मानवअधिकारको पक्षमा भएका आन्दोलनका उपलब्धिहरूको रूपमा मानवअधिकारको एक मात्र पूर्ण दस्तावेज र संयुक्त राष्ट्रसङ्घकै महत्त्वपूर्ण उपलब्धि,
- मानवअधिकारको परिभाषा गर्ने निर्णायक र आधिकारिक दस्तावेज,
- ३० वटा धारामा मानिसको अधिकारको परिभाषाका साथै कर्तव्यको बारेमा उल्लेख गरिएको,

- नागरिक तथा राजनीतिक अधिकार एवं आर्थिक, सामाजिक र सांस्कृतिकहरू समेटिएको,
- तर कानुनीरूपमा बाध्यकारी दस्तावेज होइन ।

## एम्नेस्टी इन्टरनेसनल (१९६१)
## AMNESTY INTERNATIONAL (1961)

*(तस्वीर : एम्नेस्टी इन्टरनेसनलको लोगो चिन्ह)*

सन् १९६१ मा पोर्चुगलका दुईजना युवकले स्वतन्त्रताका नाममा टोस्ट गरेको निहुँमा त्यहाँको सरकारले उनीहरूलाई सात वर्ष कैद सजाय दिएको कुराले एकजना बेलायती ***वकिल पिटर बेनेन्सन***लाई साह्रै चिन्तित तुल्यायो । शान्तिपूर्ण तवरले आफ्नो आस्था प्रकट गर्न पाउने नैसर्गिक अधिकारको उपयोग गरेकै निहुँमा बन्दी बनाएर सरकारले ती युवकहरूमाथि अन्याय गरेको र त्यस्ता पीडितहरूलाई अरू नागरिकहरूले समेत बिर्सेको महसुस गर्दै र ती पोर्चुगिज युवाजस्तै अन्यायमा परेका अन्य कयौँ आस्थाका बन्दीहरूका पक्षमा आवाज उठाउन आह्वान गर्दै पिटर बेनेन्सनले बेलायतबाट प्रकाशित हुने अखबार 'द अब्जर्भर' (The Observer) मा २८ मे १९६१ का दिन "बिर्सिएका बन्दीहरू" (The Forgotten Prisoners) विषयक एक लेख प्रकाशित गर्नुभयो । उक्त लेखमा विभिन्न स्थानमा आस्थाका आधारमा बन्दी बनाइएका नागरिकहरूको रिहाइका लागि २८ मे १९६१ देखि "आममाफीका लागि अनुरोध १९६१" (Appeal for Amnesty 1961) नामक अभियानको थालनी गरिने र सो अभियानसम्बन्धी कामको समन्वय गर्न बेलायतको लन्डनमा एक कार्यालय स्थापना गरिने कुरा उल्लेख गरिएको थियो । अन्ततः यस अभियानलाई संस्थागतरूपमा अघि बढाउन ३० सेप्टेम्बर १९६२ मा "एम्नेस्टी इन्टरनेसनल" भनी आधिकारिक रूपमा नामकरण गरियो ।

एम्नेस्टी इन्टरनेसनल सबै मानिसहरूले मानवअधिकारको उपभोग गर्न सकून् भनी अभियानरत ७० लाखभन्दा बढी मानिसहरूको विश्वव्यापी अभियान हो । मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र अन्य अन्तर्राष्ट्रिय मापदण्डहरूमा उल्लिखित सबै अधिकारहरूलाई सबै व्यक्तिले उपभोग गर्न सकून् भन्ने उद्देश्यले

यो अभियानरत छ। एम्नेस्टीले मानवअधिकारको क्षेत्रमा गरेको कामको मूल्याङ्कनस्वरूप सन् १९७७ को नोवेल शान्ति पुरस्कार तथा १९७८ को संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार पुरस्कारलगायतका थुप्रै पुरस्कार र सम्मानहरू प्राप्त गरेको छ।

## एम्नेस्टी इन्टरनेसनल नेपाल

नेपालमा सन् १९६९ मा कानुन व्यवसायी नुतन थपलियाले एम्नेस्टी इन्टरनेसनलको अभियान शुरू गर्नुभएको हो। त्यसको केही वर्षपछि एम्नेस्टी इन्टरनेसनलको “नेपाल शाखा” (Nepal Section) को मान्यताप्राप्त भएको भए पनि तत्कालीन राजनीतिक परिस्थितिका कारण सन् १९८२ पछि अन्तर्राष्ट्रिय कार्यसमितिले एम्नेस्टी इन्टरनेसनलको “नेपालशाखा” को मान्यता खारेज गऱ्यो। यद्यपि विभिन्न बुद्धिजीवी तथा मानवअधिकार अभियन्ताहरू सोझै एम्नेस्टीको अन्तर्राष्ट्रिय सचिवालयबाट सदस्यता लिने, समूहहरू गठन गर्ने र विभिन्न विश्वव्यापी अभियानमा सहभागी हुने क्रम निरन्तर चालु रह्यो। वि.सं. २०४६ मा प्रजातन्त्रको पुनःस्थापना भएपछि नेपालमा एम्नेस्टी इन्टरनेसनलको राष्ट्रिय कार्यालय गठनको प्रयासअनुरूप सन् १९९० मा अन्तर्राष्ट्रिय सचिवालयको पहलमा एक समन्वयात्मक संरचना (Coordinating Structure) गठन भयो जसले सन् १९९३ मा एम्नेस्टी इन्टरनेसनलको “नेपाल शाखा” को मान्यता प्राप्त गऱ्यो। त्यसपछिका वर्षमा एम्नेस्टी नेपालले निर्वाध र सक्रियतापूर्वक आफ्नो कार्यहरू अघि बढाइरहेको छ। हाल एम्नेस्टी नेपालमा ६,५०० भन्दा बढी सदस्यहरू आबद्ध हुनुहुन्छ।

**गतिविधि ९:**
**मानवअधिकारको विकासक्रमको श्रव्यदृश्य**

**गतिविधि १०:**
**एम्नेस्टी इन्टरनेसनलको अभियानहरूको श्रव्यदृश्य**

संविधान राष्ट्रको मूल कानुन हो जसले सरकारको स्वरूप निर्धारण गर्दछ र सरकारी शक्तिको सीमाङ्कन गरी राज्यको कामकारबाहीलाई वैधता प्रदान गर्दछ। यसलाई संविधानसभा वा अन्य यस्तै प्रक्रियाबाट निर्मित गरी राज्यको शासन र शासन प्रणाली संचालन गर्ने वैधानिकता शासकवर्गलाई जनताले प्रदान गरेका हुन्छन् ।

- स्पष्टता : संविधानका धारा, उपधारा, र दफाहरू दोहोरो अर्थ नलाग्ने र स्पष्ट हुनुपर्छ ।
- परिवर्तनशीलता : संविधान आवश्यकताअनुसार परिवर्तन गर्न सकिने हुनुपर्छ ।
- व्यापकता : संविधानले राज्यको स्वरूप, सरकारी क्षेत्र, जनताका हक, राजनीतिक शक्तिको प्रयोगलगायत राज्यका व्यापक क्षेत्रहरू समेटेको हुनुपर्छ ।
- मौलिक हक : संविधानले जनताको मौलिक हकहरूको स्पष्ट उल्लेख गर्दै तिनको संरक्षणको व्यवस्था गरेको हुनुपर्छ ।
- स्वतन्त्र न्यायपालिका : संविधानले न्यायपालिकालाई पूर्णरूपमा स्वतन्त्रता प्रदान गरेको हुनुपर्छ ।

## नेपालको संविधान २०७२

नेपालको संविधान २०७२ नेपालको विद्यमान संविधान हो। यो जनताका प्रतिनिधिले पारित गरेको पहिलो र नेपालको सातौं संविधान हो । साथै नेपालकै इतिहासमा जनतामाझ गएर मस्यौदा तयार गरिएको यो पहिलो संविधान हो । यो संविधान २०७२ असोज ३ गते नेपालका तत्कालीन राष्ट्रपति रामवरण यादवद्वारा जारी भएको घोषणा गरी लागू गरिएको हो ।

यस संविधानमा ३५ भाग ३०८ वटा धारा र ९ वटा अनुसूचीहरू रहेका छन् । नेपालको संविधान २०७२ ले भाग : ३ मा निम्न उल्लेखित अधिकारहरूलाई मौलिक हकको रूपमा उल्लेख गरेको छ :

| | |
|---|---|
| (१६) सम्मानपूर्वक बाँच्न पाउने हक | (३३) रोजगारको हक |
| (१७) स्वतन्त्रताको हक | (३४) श्रमको हक |
| (१८) समानताको हक | (३५) स्वास्थ्यसम्बन्धी हक |
| (१९) सञ्चारको हक | (३६) खाद्यसम्बन्धी हक |
| (२०) न्यायसम्बन्धी हक | (३७) आवासको हक |
| (२१) अपराध पीडितको हक | (३८) महिलाको हक |
| (२२) यातनाविरुद्धको हक | (३९) बालबालिकाको हक |
| (२३) निवारक नजरबन्दविरुद्धको हक | (४०) दलितको हक |
| (२४) छुवाछुत र भेदभावविरुद्धको हक | (४१) ज्येष्ठनागरिकको हक |
| (२५) सम्पत्तिको हक | (४२ )सामाजिक न्यायको हक |
| (२६) धार्मिक स्वतन्त्रताको हक | (४३) सामाजिक सुरक्षाको हक |
| (२७) सूचनाको हक | (४४) उपभोक्ताको हक |
| (२८) गोपनीयताको हक | (४५) देश निकालाविरुद्धको हक |
| (२९) शोषणविरुद्धको हक | (४६) संवैधानिक उपचारको हक |
| (३०) स्वच्छ वातावरणको हक | (४७) मौलिक हकको कार्यान्वयन |
| (३१) शिक्षासम्बन्धी हक | (४८) नागरिकका कर्तव्य |
| (३२) भाषा र संस्कृतिको हक | |

## राष्ट्रिय मानवअधिकार आयोग, नेपाल

राष्ट्रिय मानवअधिकार आयोग, नेपालको स्थापना सन् २००० मा *मानवअधिकार आयोग ऐन २०५३* अन्तर्गत भएको हो । अहिले यो स्वतन्त्र र स्वायत्त संवैधानिक अङ्ग बनेको छ । यसले नेपालको संविधान तथा कानुनमा भएको व्यवस्थाहरूको सुनिश्चितता गराउनका लागि कामहरू गर्दछ ।

### गतिविधि ११:
### अधिकार र कर्तव्यहरूको सूची लेखन अभ्यास

विधि:

- ढाँचा ३ मा भएका नेपालको संविधान २०७२ मा भएका मौलिक हकहरूलाई कार्डपेपरमा प्रिन्ट गरी काट्ने ।
- उक्त कार्डहरू सहभागीहरूलाई वितरण गर्ने ।
- आफूलाई प्राप्त मौलिक हकसँग सम्बन्धित २ वटा कर्तव्यहरूको लेख्ने ।

**गतिविधि १२:**
**मौलिक हकहरूबीचको अन्तरसम्बन्धबारे जोडा मिलाउने अभ्यास**

विधि:

- ढाँचा ३ मा भएका नेपालको संविधान २०७२ मा भएका मौलिक हकहरूलाई कार्डपेपरमा प्रिन्ट गरी काट्ने ।
- उक्त कार्डहरू सहभागीहरूलाई वितरण गर्ने ।
- अन्य भिन्न दुई मौलिक हक कार्ड भएको सहभागीसँग जोडी बनाई यी मौलिक हकहरूको अन्तरसम्बन्धबारे छलफल गर्ने ।

## ५. मानवअधिकार शिक्षा के हो ?
## 5. WHAT IS HUMAN RIGHTS EDUCATION ?

सदस्य राष्ट्र र ती राष्ट्रहरूका अधिकारमा रहेका प्रादेशिक जनताहरूमा समेत ती अधिकार र स्वतन्त्रताहरूको विश्वव्यापी र प्रभावशाली मान्यता प्राप्त गर्नको लागि प्रत्येक व्यक्ति र समाजको अङ्गले यस घोषणालाई निरन्तर मनमा राखी राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रगतिशील कदमहरूद्वारा यी अधिकार र स्वतन्त्रताहरूप्रति दीक्षा तथा शिक्षाद्वारा श्रद्धा बढाउन प्रयत्न गरून् भनी साधारणसभाले मानवअधिकारको यस विश्वव्यापी घोषणालाई सबै जनता र राष्ट्रको सजिया मापदण्ड भनी घोषणा गर्दछ ।

- *मानवअधिकारको विश्वव्यापी घोषणापत्रको प्रस्तावना, १९४८*

मानवको व्यक्तित्वको पूर्ण विकास र मानवअधिकार तथा मौलिक स्वतन्त्रतालाई बलियो गर्नेतर्फ शिक्षाको प्रसार गरिनेछ र शिक्षाद्वारा नै राष्ट्र, जाति र धार्मिक समूहहरूबीच आपसी सद्भावना, सहिष्णुता र मैत्रीको विकास गराइनेछ र शान्ति कायम गर्नको लागि संयुक्त राष्ट्रसङ्घको प्रयत्नहरूलाई बढाइने छ ।

- *मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २६.२*

१९९५ मा संयुक्त राष्ट्रसङ्घको मानवअधिकार शिक्षाको दशकसँगै मानवअधिकार शिक्षामा ध्यानाकर्षण शुरू भएको हो । जसअन्तर्गत, मानवअधिकार शिक्षा भन्नाले विश्वव्यापी मानवअधिकार संस्कृतिको निर्माणका लागि शिक्षा, तालिम र सूचनामार्फत ज्ञानको आदानप्रदान, कौशलता प्रदान र उचित दृष्टिकोणको विकास गर्दै :

- मानवअधिकार संस्कृति र मौलिक स्वतन्त्रताहरूप्रतिको आदरलाई बलियो बनाउन,
- मानवको व्यक्तित्व र सम्मानको भावनाको पूर्ण विकासको लागि,
- सबै राष्ट्र, आदिवासी र जातीय, राष्ट्रिय, जनजाति, धार्मिक र भाषिक समूहहरूबीच समझदारी, सहनशीलता, लैङ्गिक समानतालाई प्रवर्धन गर्न,
- सबै मानिसहरूलाई विधिको शासनद्वारा संचालित स्वतन्त्र र लोकतान्त्रिक समाजमा प्रभावकारी सहभागीताका लागि सक्षम बनाउन,
- शान्ति निर्माण र निर्वाहका लागि, र
- मानव-केन्द्रित दिगो विकास र सामाजिक न्यायको प्रवर्धनका लागि ।

यसै क्रममा मानवअधिकार शिक्षालाई औपचारिक शिक्षाको पाठ्यक्रममा समावेश गर्ने कार्यको प्रारम्भ भयो ।

## ६. मानवअधिकार शिक्षा किन आवश्यक ?
## 6. WHY HUMAN RIGHTS EDUCATION ?

एम्नेस्टी इन्टरनेसनलको अनुसार मानवअधिकार उल्लङ्घनका अन्तरनिहित कारणहरूलाई सम्बोधन गर्न, मानवअधिकार ज्यादतीको निवारण, विभेदलाई अन्त्य गर्न, समानतालाई प्रोत्साहन गर्न, र लोकतान्त्रिक निर्णय प्रक्रियामा जनताको सहभागीतालाई बढाउनका लागि मानवअधिकार शिक्षा आधारभूत हो । यो सहभागीतामूलक अभ्यास हो जसको माध्यमबाट व्यक्ति, समूह तथा समाजलाई मानवअधिकारको सिद्धान्तअनुरूपको शिक्षा, सीप र दृष्टिकोणको अभिवृद्धि गरी समर्थ बनाउने उद्देश्य राख्दछ । सबैको सम्मान गर्ने संस्कृतिको विकास गर्दै सबैको मानवअधिकारको संरक्षण र प्रवर्धन गर्नु नै यसको उद्देश्य हो ।

मानवअधिकार शिक्षा तथा तालिमले :

- मानवअधिकारबारे ज्ञान दिन्छ : *मानवअधिकारका बारेमा सैद्धान्तिक, अन्तरनिहित तत्त्वहरू आदिबारे ज्ञान प्रदान गदर्छ,*
- मानवअधिकारको माध्यमद्वारा ज्ञान प्रदान गर्छ : शिक्षक र विद्यार्थीहरू दुवैको अधिकारको सम्मान गर्दै ज्ञान प्रदान गदर्छ,

- मानवअधिकारका लागि ज्ञान दिन्छ : *व्यक्तिहरूलाई आफ्नो अधिकारहरूको उपयोग गर्न र अरूको अधिकारको सम्मान गर्नका लागि समर्थ बनाउँछ ।*

बालबालिकाहरूलाई मानवअधिकार शिक्षाको आवश्यक छ किनभने :

- बालबालिकाहरूले आफ्नो अधिकारबारे जानकार हुनु उनीहरूको अधिकार हो ।
- आफ्नो अधिकारबारे जानकार हुनु भनेको अरूको अधिकारलाई पनि सम्मान गर्नेतर्फ प्रयत्नशील रहन पहिलो खुड्किलो हो ।
- उनीहरूको आत्मविश्वास र सक्रिय सहभागीतालाई प्रोत्साहन गर्न ।
- उनीहरूमा सकारात्मक व्यवहारको विकास गर्न ।

## ७. मानवअधिकार शिक्षासम्बन्धी प्रश्नोत्तर प्रतियोगिता
## 7. Human Rights Quiz Competition

अभिमुखीकरणको अन्त्यमा सहभागीहरूलाई ढाँचा ४ वितरण गरी पाँच मिनेटको छोटो प्रश्नोत्तर गराउने र सबैभन्दा बढी मिलाउनेलाई पुरस्कृत गर्ने ।

## ८. मानवअधिकारको संरक्षण र संवर्धनका लागि अभियान एक्सनहरू
## 8. Actions on the Campaign for the protection and promotion of Human Rights

आफ्नो वरिपरि भइरहेका मानवअधिकार उल्लङ्घन तथा ज्यादती, अन्याय, अत्याचार, हिंसाको विरुद्ध गर्न सकिने केही Offline तथा Online एक्सनहरू :

| Offline Actions | Online Actions |
|---|---|
| • पत्रलेखन<br>• हस्ताक्षर सङ्कलन<br>• चित्रकला<br>• फोटो एक्सन<br>• प्रदर्शन | • हस्ताक्षर<br>• सामाजिक सञ्जालहरू जस्तै, Facebook Page, twitter शेयर तथा लाईक गर्ने<br>• इमेल तथा SMS शेयर गर्ने |

## ९. मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरू :
## 9. Organizations working in the field of Human Rights

**Office of the United Nations High Commissioner for Human Rights (OHCHR)**
Palais Wilson
52 rue des Pâquis
CH-1201 Geneva, Switzerland.
Telephone: +41 22 917 9220
Email: InfoDesk@ohchr.org
Website: www.ohchr.org

**National Human Rights Commission (NHRC)**
Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal
G.P.O. Box: 9182, Kathmandu, Nepal
Tel.: 00977-(0)1-5010015
Fax: 00977-(0)1-5547973
E-mail: nhrc@nhrcnepal.org
Website: www.nhrcnepal.org

**Amnesty International**
1 Easton Street, London, WC1X 0DW, UK
Telephone: +44-20-74135500
Fax number: +44-20-79561157
Email: contactus@amnesty.org
Website: www.amnesty.org

## ढाँचा १ (मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धाराहरू)

- १. मानिसहरू जन्मजात स्वतन्त्र हुन्छन्
- २. भेदभावरहित व्यवहारको अधिकार
- २५. पर्याप्त जीवनस्तरको अधिकार
- ४. दासताविरुद्धको अधिकार
- ५. यातनाविरुद्धको अधिकार
- २१. मतदानको अधिकारलगायत राजनीतिक सहभागिताको अधिकार
- ९. स्वेच्छाचारी पक्राउविरुद्धको अधिकार
- २६. शिक्षाको अधिकार
- १०. निष्पक्ष पुर्पक्ष र सुनुवाइको अधिकार
- १३. स्वतन्त्ररूपमा आवतजावत गर्न पाउने अधिकार
- १४. अन्य देशमा आश्रय लिन पाउने अधिकार
- १६. विवाह र घरजम गर्न पाउने अधिकार
- १५. राष्ट्रियताको अधिकार
- ११. दोषी करार हुनुपूर्व निर्दोषिताको अनुमानसम्बन्धी अधिकार
- १९. मत र अभिव्यक्तिको स्वतन्त्रताको अधिकार
- २०. भेला हुन र सङ्गठन खोल्न पाउने स्वतन्त्रताको अधिकार
- २३. काम गर्न पाउने अधिकार तथा कामदारहरूको अधिकार
- १८. विचार, अन्तस्करण र आफ्नो धर्म मान्न पाउने स्वतन्त्रताको अधिकार
- २९. समुदायप्रतिको कर्तव्य
- ३०. हाम्रो मानवअधिकार कसैले पनि खोस्न सक्दैन

## ढाँचा २ (बालअधिकारहरू)

उचित जानकारीको अधिकार

शिक्षाको अधिकार

सुरक्षित तथा आरामदायी आवासको अधिकार

दिर्घ जीवन र विकासको अधिकार

नाम र राष्ट्रियताको अधिकार

अभिव्यक्ति स्वतन्त्रताको अधिकार

निजिपनको संरक्षणको अधिकार

पर्याप्त जीवनस्तरको अधिकार

स्वास्थ्य र स्वास्थ्य सेवाहरूको अधिकार

फुर्सद, आराम र सांस्कृतिक क्रियाकलापहरूमा भाग लिने अधिकार

शोषण, दुर्व्यवहार, उपेक्षा, यातना, हेला र सशस्त्र सङ्घर्षबाट संरक्षणको अधिकार

आमाबुबासँगै बसोबास गर्ने अधिकार

## ढाँचा ३ (नेपालको संविधान २०७२ अन्तर्गतका मौलिक हकहरू)

| | | |
|---|---|---|
| (१६) सम्मानपूर्वक बाँच्न पाउने हक | (१७) स्वतन्त्रताको हक | (१८) समानताको हक |
| (१९) सञ्चारको हक | (२०) न्यायसम्बन्धी हक | (२१) अपराध पीडितको हक |
| (२२) यातनाविरूद्धको हक | (२३) निवारक नजरबन्दविरूद्धको हक | (२४) छुवाछुत र भेदभावविरूद्धको हक |
| (२५) सम्पत्तिको हक | (२६) धार्मिक स्वतन्त्राको हक | (२७) सूचनाको हक |
| (२८) गोपनीयताको हक | (२९) शोषणविरूद्धको हक | (३०) स्वच्छ वातावरणको हक |
| (३१) शिक्षासम्बन्धी हक | (३२) भाषा र संस्कृतिको हक | (३३) रोजगारको हक |
| (३४) श्रमको हक | (३५) स्वास्थ्यसम्बन्धी हक | (३६) खाद्यसम्बन्धी हक |
| (३७) आवासको हक | (३८) महिलाको हक | (३९) बालबालिकाको हक |
| (४०) दलितको हक | (४१) ज्येष्ठनागरिकको हक | (४२ )सामाजिक न्यायको हक |
| (४३) सामाजिक सुरक्षाको हक | (४४) उपभोक्ताको हक | (४५) देश निकालाविरूद्धको हक |
| (४६) संवैधानिक उपचारको हक | (४७) मौलिक हकको कार्यान्वयन | (४८) नागरिकका कर्तव्य |

## ढाँचा ४ (प्रश्नोत्तर)

१. सन् १९४५ अक्टोबर २४ मा ............... को स्थापना भएको थियो ।
- एम्नेस्टी इन्टरनेसनल
- संयुक्त राष्ट्रसङ्घ
- सेभ द चिल्ड्रेन

२. मानवअधिकारको विश्वव्यापी घोषणापत्र .................... को लागि हो ।
- आप्रवासीहरू
- जेलमा रहेका कैदीहरू
- सबै मानिसहरूको लागि

३. मानवअधिकारको विश्वव्यापी घोषणापत्र .......... मा ग्रहण गरेको थियो ।
- १९४५
- १९४८
- १९६१

४. मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा ....... धाराहरू छन् ।
- ४०
- २७
- ३०

५. अन्तर्राष्ट्रिय मानवअधिकार दिवस ...................... हो ।
- २७ जनवरी
- २० नोभेम्बर
- १० डिसेम्बर

६. अन्तर्राष्ट्रिय बाल दिवस ................... हो ।
- २७ जनवरी
- २० नोभेम्बर
- १० डिसेम्बर

७. एम्नेस्टी इन्टरनेसनलको स्थापना ......................... मा भएको हो ।
- १९६१
- १९६२
- १९४८

८. राष्ट्रिय मानवअधिकार आयोग, नेपालले ............................... गर्छ ।
- मानवअधिकार संरक्षण र संवर्धनका लागि सुझावहरू दिन्छ ।
- प्राकृतिक विपतको अवस्थामा खाद्यान्न वितरण गर्छ ।
- द्वन्द्वको बेला सुरक्षा प्रदान गर्दछ ।

९. मानवअधिकारका नौवटा महासन्धि तथा अभिसन्धिमध्ये ...................... नेपालले अनुमोदन गरेको छ ।
- ९
- ७
- २

१०. एम्नेस्टी इन्टरनेसनलको मानवअधिकार अभियानमा ................. भन्दा बढी मानिसहरू आबद्ध छन् ।
- ७ लाख
- ७० लाख
- १ करोड

प्रकाशक

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखा
एम्नेस्टीमार्ग, वसन्तनगर, बालाजु
पो.ब.नं. १३५, काठमाडौं, नेपाल ।
फोन नं. ००९७७-१-४३६४७०६/४३६५४३१
फ्याक्स नं. ००९७७-१-४३५४९८७

info@amnestynepal.org
amnestynepal.org
amnesty.nepal
amnestynepal

मुद्रित मिति : श्रावण २०७५ (जुलाई २०१८), संख्या : १२० प्रति